नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
फोन नं. ०८३-५२४४४५
E-mail: iro-surkhet@ird.gov.np

# आन्तरिक राजस्व कार्यालय

## सुर्खेत

पत्र संख्याः २०७७.७८
चलानी नं ५२०२
प. सः- २०७७/०७८

मितिः-२०७७/०९/२९

च. न.

**विषयः- आर्थिक ऐन २०७७ को छुट सुविधा सम्बन्धमा ।**

श्री स्थानीय तह (जाजरकोट, डोल्पा, दैलेख, सुर्खेत र हुम्ला जिल्ला) सबै ।

प्रस्तुत विषयमा आर्थिक ऐन २०७७ को दफा २० मा "करको दायरामा आउनेलाई शुल्क तथा ब्याज मिन्हा दिइने" र दफा २१ मा "आय विवरण पेश गरेमा शुल्क, ब्याज तथा जरिबाना मिन्हा हुने" सम्बन्धमा उल्लेख छ । तहाँ स्थानीय तह अन्तर्गत विगतमा कर लाग्ने व्यवसायमा संलग्न भई आयकरमा दर्ता हुन नआएका (PAN नलिएका) र स्थायी लेखा नम्बर (PAN) लिई हाल व्यवसाय सञ्चालन गरेको वा नगरेको भए पनि आय विवरण बुझाउन बाँकी रहेका करदाताहरुले ऐनमा उल्लेखित छुट सुविधा लिन पाईने म्याद २०७७ फागुन मसान्तसम्म मात्रै रहेको हुँदा यसबारे करदातालाई अवगत गराउनका निम्ति व्यापक रुपमा वडा, टोल तहसम्मै प्रचारप्रसार गराई कर सहभागिता अभिबृद्धिमा सहयोग गरिदिनुहुन सादर अनुरोध छ ।

उल्लेखित छुट सुविधासम्बन्धी व्यवस्था यसै पत्रसाथ संलग्न छ ।

(रामप्रसाद मैनाली)
प्रमुख कर अधिकृत
प्रमुख कर अधिकृत